# अ ने सा स न्यू योर्क च्याप्टरको बार्षिक प्रतिबेदन

- परिता राजभण्डारी
महासचिव
अ. ने. सा. स., न्यू योर्क च्याप्टर

अन्तरराष्ट्रिय नेपाली साहित्य समाज, न्यू योर्क च्याप्टरको स्थापना श्री दुर्गाबहादुर छेत्रीको संयोजकत्वमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको शाखाको रुपमा सन २००४ मा भएको हो। आफ्नो स्थापनाकाल देखि नै यस न्यू योर्क च्याप्टर, मातृसंस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको उद्देश्य अनुरुप नेपाली साहित्य, संस्कृति, भाषा, कला र सङ्गीतको बिकास, प्रवर्धन, संरक्षण, प्रचार प्रसार आदिमा निरन्तर लागिरहेको छ ।

श्रीमती पूनम क्षेत्रीको अध्यक्षतामा २००४ मा गठित यस च्याप्टरले द्वितीय अध्यक्ष श्रीमती गीता खत्रीको ५ बर्षे (२००५–२००९) कार्यकालमा निकै मलजल र फस्टाउने मौका पायो। उक्त समयमा भर्खर भर्खर स्थापित यस संस्थाको चिनारी न्यू योर्कको जनमानस समक्ष गराउनमा गीता खत्रीको निकै ठूलो योगदान छ। न्यू योर्क साहित्य समाजद्वारा गरिने बिबिध साहित्यिक गतिबिधिहरु मध्ये शरद ऋतुमा मनाइने महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती तथा दीपावली साँझ र बर्षा मासमा मनाइने भानु जयन्तीलाई निरन्तरता दिँदै २००९ मा ज्योति पौडेलको अध्यक्षतामा गठित च्याप्टरको कार्यकारिणी समितिले अत्यन्त सीमित श्रोत र साधनका बाबजुद च्याप्टरका सदस्यहरु तथा अन्य साहित्यप्रेमीहरुको सहयोगमा साहित्यिक गतिविधिहरुलाई अझ अगाडि बढाउँदै लाने प्रयत्न गरेको छ । न्यू योर्कमा दिन प्रतिदिन वृद्धि हुँदै गैरहेको साहित्यिक जनघनत्व र रुची हेर्दा आउँदा दिनहरुमा यस्ता गतिविधिहरु अझ अगाडि बढ्ने छन् भन्ने आशा गर्न सकिन्छ। पछिल्ला दुई बर्षका च्याप्टरका गतिबिधिहरुलाई मैले तल संक्षिप्त रुपमा समेट्ने कोशिश गरेकी छु।

## १. प्रतिध्वनिको प्रकाशन

च्याप्टरको प्रथम प्रकाशन "प्रतिध्वनि" आज बिमोचन हुदैछ। प्रतिध्वनिको प्रकाशन न्युयोर्क च्याप्टर द्वारा गरिएको अति महत्वपुर्ण कार्य हो। पत्रिका प्रकाशनको लागि अत्यन्त मेहनतका साथ् दिन रात नभनी खट्नु भएका प्रकाशन समितिका साथिहरु धनिराम सापकोटा, बद्री पौडेल, पुनम काफ्ले, मणि बांग्देल, हरि शर्मा पौडेल धेरै धन्यबादका पात्र हुनुहुन्छ । ऊहाँहरुको अथक मेहनतको फलस्वरूप प्रतिध्वनि आज हाम्रो हातमा छ जस्को एकैछिनमा बिमोचन हुँदैछ । बिमोचन पछि पत्रिका बिक्रिको लागि राखिने छ । किनी दिनु होला , मूल्य स्रिफ $ ५.०० हो। पढेर आफ्नो अमुल्य सुझाब पठाउन नबिर्सिनु होला ।

## २. भानु प्रतिष्ठानलाई सहयोग

आदिकवि भानुभक्त सम्बन्धी विविध कार्यक्रम गर्ने उद्देश्यले नेपालमा स्थापित र कार्यरत भानु प्रतिष्ठानलाई च्याप्टरको तर्फबाट अध्यक्ष ज्योति पौडेलले एक विशेष समारोहका बीच मिति अगष्ट २८, २०११ मा १०००.०० यू. एस्. डलर सहयोग स्वरुप उपलब्ध गराउनु भयो ।

३. भानुजयन्ती

न्यू योर्क स्थित Alliance for Democracy and Human Rights in Nepal सङ्ग मिलेर च्याप्टरले बिविध खेलकुद तथा कविता वाचन सहित पार्कमा मनाउँदै आएको भानुजयन्ती २००९ मा आयोजना हुन नसके पछि साहित्यका बिषयमा मात्र केन्द्रित रहेर च्याप्टरले २०१० देखि भानुजयन्ती आँफ्नै तर्फबाट छुट्टै मनाउन थालेको छ । यस अनुसार १९७ औं भानुजयन्ती २०१० जुलाई २५ तारिखमा हिमालयन याक रेष्टूराँ, ज्याक्सनहाइट मा र १९८ औं भानुजयन्ती जुलाई १६, २०११ मा न्यू योर्क राज्यको क्विन्सको आस्टोरिया पार्कमा बिशेष समारोहहरुको आयोजना गरी मनाइयो। १९८ औं भानुजयन्ती कार्यक्रममा नेपालबाट न्यू योर्क भ्रमणमा रहेकी साहित्यकार पद्मावती सिंहलाई खादा ओढाइ पुष्पगुच्छा दिएर सम्मान गरिएको थियो। उक्त समारोहमा रिजउड नेपाली समाज न्यू योर्कबाट प्रकाशित श्री चन्द्रकान्त आचार्यद्वारा लिखित न्यू योर्क सुन्दरी उपन्यासको पनि बिमोचन गरिएको थियो।

४. च्याप्टरको कार्य सञ्चालन नियमावली

च्याप्टरका कार्यक्रमलाई अझ बढी व्यबस्थित र पारदर्शी तरिकाले अगाडि लैजान च्याप्टरले कार्य संचालन नियमावली (By-Law) लागू गरेको छ। उक्त नियमावलीलाई फेब्रुअरी २१, २०१० मा गठित By-law कमिटीले तयार पारेको मस्यौदामा समाजका सदस्य र सल्लाहकारहरु बीच सर्कुलर गरी प्राप्त सल्लाह र सुझाबहरुलाई समावेश गरी मिति २०११ जुन २९ मा बसेको कार्यकारिणी समितिको बैठकले सर्वसम्मत्तिबाट पारित गरिएको थियो । By-Law बनाउन मा आफ्नो अमुल्य समय खर्चेर सहयोग गर्नुहुने सल्लाहाकार समितिका श्री केशब सेडाई, श्री शंकर बैरागी, डा. तारा निरौला, च्याप्टर कि अधक्ष्य श्री ज्योति पौडेल र प्रमुख सम्पादक श्री धनि राम सापकोटाज्यु लाई धेरै धन्यबाद छ।

५. दक्षिण एसियाली मुलुकका साहित्यिक संस्थाहरु बीच समाजको चिनारी

संयुक्त राष्ट्र सङ्घका लागि बङ्गलादेशको स्थायी नियोगद्वारा जुन ५, २०११ मा आयोजित १५०औ रवीन्द्रनाथ टेगोर जयन्तिमा च्याप्टरकी अध्यक्ष ज्योति पौडेलले संस्थाको प्रतिनिधित्व गर्नु भएको थियो। दक्षिण एसियाली मुलुकका साहित्यिक संस्थाहरु बीच समाजको चिनारी, सम्पर्क र समन्वय बढाउँदै लैजान प्रयत्नशील हुने समाजको उद्देश्य अनुरुप नै भाग लिइएको थियो। उक्त अवसरमा श्रीमती पौडेलले रवीन्द्रनाथ टेगोरले लेख्नु भएको सुनको ढुंगा कवितालाई नेपालीमा अनुवाद गरी वाचन गर्नुभएको थियो। टैगोरको कवितालाई नेपाली भाषामा समेत सुन्न पाउँदा सहभागीहरुले समाजप्रति कृतज्ञता प्रकट गरेका थिए।

६. संयुक्त रक्तदान एवं निःशुल्क स्वास्थ्य सेवा शिविरः

मे ८, २०११ तारिख रेड क्रस दिवस र मदर्स डे (अमेरिकी सन्दर्भको मातृ दिवस) को अवसर पारेर न्यू योर्कमा रहेका १२ विभिन्न नेपाली सामाजिक सङ्घ—सँस्थाहरु क्रमशः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यू योर्क च्याप्टर, अमेरिका नेपाल

फ्रेन्डशिप सोसाइटी, किराँत राई सोसाइटी अमेरिका, एसोसिएसन अफ नेपालिज फिजिसियन इन् अमेरिका, मुस्ताङ्ग केदुङ्ग यू.एस.ए., थकाली सेवा समिति, यू.एस. नेपाल स्पोर्टस् एण्ड कल्चर डेभलपमेन्ट, सिन्धु यू.एस.ए. वेलफेयर सोसाइटी, एन.आर.एन. अमेरिका, नेवा गुठी, तामाङ्ग सोसाइटी अफ अमेरिका र एसोसिएसन अफ नेपाली तराइएन् इन् अमेरिकाको संयोजकत्वमा न्यू योर्कको अस्टोरियामा संयुक्त रक्तदान एवं निःशुल्क स्वास्थ्य सेवा शिविरको आयोजना गरिएको थियो ।

७. देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र, काठमाण्डौलाई आर्थिक सहयोग प्रदान

२२ जनवरी २०११ मा काठमाडौमा आयोजित एक बिशेष समारोहमा महाकवि देवकोटाबारे विविध कार्यक्रम गर्न नेपालमा स्थापित देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्रलाई यू.एस. डलर १०००.०० सहयोग स्वरुप प्रदान गरियो । उक्त रकम अ. ने. सा. स. न्यू योर्कका सल्लाहकार बद्री पौडेलले समाजका तर्फबाट “महाकवि लक्ष्मीप्रसाद देवकोटा – अन्तर्राष्ट्रिय प्रतिभा ” विषयक छलफल समारोह बीच प्रदान गर्नु भएको थियो ।

८. डा. कृष्णहरि बरालको उपचारको लागि सहयोग

अमेरिकामा कार दुर्घटनामा परी उपचार गरिरहनु भएका नेपाली साहित्यका समालोचक एवं वरिष्ठ गीतकार डा.कृष्णहरि बरालको उपचारको लागि १३ डिसेम्बर, २०१०मा च्याप्टरको तर्फबाट यू.एस. डलर २००.०० सहयोग स्वरुप उपलब्ध गराइएको थियो ।

९. १०१ औं देवकोटाजयन्ती तथा दीपावली साँझ

नेपाली साहित्यका युगपुरुष महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०१औं जन्मजयन्ती तथा शुभ—दीपावली साँझ विविध कार्यक्रमका साथ न्यू योर्क उडसाइड स्थित सगरमाथा रेष्टुरेण्टको हलमा ३० अक्टोबर २०१० मा मनाइएको थियो ।

१०. नेपाली भाषासाहित्य कार्यशाला गोष्ठी

मे २२, २०१० मा न्यू योर्कमा “नेपाली साहित्य र नेपाली डायास्पोरा” नामक एक दिवसीय नेपाली भाषा साहित्य कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा, उत्तर अमेरिकाका विभिन्न राज्यहरुबाट पाल्नुभएका ६ जना विद्वानहरु द्वारा विभिन्न ६ वटा बिषयहरुमा कार्यपत्र प्रस्तुत गरिएको थियो । न्यू योर्क च्याप्टरद्वारा सञ्चालन गरिएको यस प्रकारको यो पहिलो कार्यक्रम थियो। उक्त कार्यशालामा उत्तर अमेरिकाली नेपाली डायास्पोरामा नेपाली साहित्य अस्ति, हिजो, आज र भोलि — होमनाथ सुवेदी; प्लेटोदेखि उत्तर आधुनिकतासम्म नेपाली समालोचनाको छोटो सिँहावलोकन – एच.वी. भण्डारी; नेपाली साहित्य र महिला साहित्यकार – भारती गौतम; कवितामा छन्द नियम लेखन र वाचन –अनन्त रिसाल; नेपालीमा गजल रचना – सैद्धान्तिक र व्यवाहारिक सल्लाह –डा. दीपक खड्का र नेपाली कथा साहित्यको विकासक्रम शीर्षकमा अखिल थापाले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यशालाको सहजीकरण डा. तारा निरौलाले गर्नुभएको थियो ।

११. साहित्यकार कृष्णप्रसाद पराजुलीको अभिनन्दन

अमेरिका भ्रमणमा रहनु भएका नेपाली भाषा र साहित्यका कालजयी व्यक्तित्व तथा "राम्रो रचना मीठो नेपाली" नेपाली व्याकरणका सर्जक श्री कृष्णप्रसाद पराजुलीले नेपाली साहित्य र भाषालाई पु¥याएको योगदानलाई कदर गर्दै उडसाइड स्थित अधिकार सँस्थाको सभाकक्षमा फेब्रुअरी २१, २०१० मा एक सम्मान कार्यक्रमको आयोजना गरिएको थियो ।

१२. <u>देवकोटा शतवार्षिकी साहित्यिक प्रतियोगिता तथा दीपावली साँझः</u>

अक्टोबर १०, २००९, शनिवारका दिन न्यू योर्कको ज्याक्सन हाइटमा देवकोटा शतवार्षिकी, साहित्यिक प्रतियोगिता तथा दीपावली सांझ भव्यताका साथ मनाइएको थियो । देउसी भैलोद्वारा रमणीय वाताबरणमा मनाइएको उक्त कार्यक्रममा नेपालबाट राष्ट्रकवि तथा अन्य विशिष्ट साहित्यकारहरु र महाकविका सुपुत्र पद्मप्रसाद देवकोटाले पठाउनु भएका भिडियो संदेशहरु देखाइएका थिए ।

१३. <u>स्व. बासु रिमाल "यात्री" शोक सभा</u>

साहित्यिक समालोचक, लेखक एवं पत्रकार स्वर्गीय बासु रिमाल "यात्री"को सम्झनामा जुलाई २६, २००९ आइतबार ज्याक्सन हाइटस्थित साङ्ग्रिला रेष्टुरेन्टमा एक शोक सभाको आयोजना गरिएको थियो । उक्त समारोहको सुरुवात प्रसिद्ध कलाकार श्रीमती वसुन्धरा भुसालले स्वर्गीय यात्रीको तस्वीरमा माल्यार्पण गर्दै गर्नुभएको थियो । च्याप्टरका विभिन्न पदाधिकारीहरु तथा न्यू योर्कका अन्य साहित्यकारहरुले स्वर्गीय यात्रीका देनहरुका बारेमा चर्चा गर्नुभएको थियो। बासु रिमाल परिवारकी सदस्य परिता राजभण्डारीले उहाँको पारिवारिक विवरण प्रस्तुत गर्दै निम्न पक्तिहरु पढेर श्रद्धाञ्जली चढाउनु भएको थियो —

साहित्य, समालोचना, पत्रकारिताका तिमी "यात्री" ।

आध्यात्मिकता, बेदान्त शास्त्रमा रमायौ पछि ।।

त्यागेर मोह यो नश्वर शरीर, संसारको ।

परब्रह्म परमात्मामा लीन हुन पुग्यौ तिमी "यात्री" ।।

१४ <u>च्याप्टरको वेभसाइट:</u>

च्याप्टरको गतिविधिलाई अझ पारदर्शी बनाउन र कागज रहित बातावरणमा काम गर्नको लागि वेब साईटको बिकाश गरियो । च्याप्टरका आर्थिक लगायत अन्य सम्पूर्ण गतिविधिहरु वेब साईटमा राखिएका छन् । न्यु योर्क च्याप्टरको गतिबिधिहरुको ब्रिस्तित जानकारीको लागि www.inlsny.org मा जान सक्नुहुनेछ ।

१०२औं देवकोटा जयन्ती
२२ अक्टोबर २०११